जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९   स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४   अंक ५५   २०८१ साल असोज ४ गते शुक्रबार (20 Sep. 2024 Friday)   मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : राष्ट्र निर्माणमा संविधान संशोधनको... ३ पृष्ठमा : संविधान संशोधनबाट राजनीतिक ... ३ पृष्ठमा : ...भिडको तुलनामा एमपक्स.

# सप्तरीमा संविधान दिवस
# कतै उत्सव त कतै बिरोधको रुपमा मनाइए












**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

संविधान जारि भएको दिन असोज ३ लाई सप्तरी जिल्लामा कतै उत्सव त कतै बिरोधको रुपमा मनाइएको छ ।

जिल्ला समन्वय समिति सप्तरी ९ औं राष्ट्रिय संविधान दिवसलाई विभिन्न कार्यक्रमसहित तीन दिवसीय उत्सवको रुपमा मनाइ रहँदा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल, जनमत पार्टी र स्वाधिन मधेश जनअभियान सप्तरीले आफ्नो माग सम्बोधन नगरि संविधान जारि भएको भन्दै बिरोध प्रदर्शन गरेका छन् ।

जिल्ला समन्वय समिति सप्तरीले तीन दिवसीय कार्यक्रम अन्तरगत बिहीबार संविधान दिवस सफल पारौं, घर घरमा दिपावली र राष्ट्रिय झण्डा फहराऔं नारासहित राजविराजमा प्रभातफेरी कार्यक्रमको आयोजना गऱ्यो ।

जिल्ला समन्वय समितिको कार्यालय परिसरबाट सुरु भएको प्रभातफेरी बजारका मुख्य भागको परिक्रमा गरेको थियो । ऱ्यालीमा जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह, प्रमुख जिल्ला अधिकारी मेख बहादुर मंग्राती, राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परविन, प्रहरी उपरिक्षक गजुसिद्धि बज्राचार्यका साथै कर्मचारी, प्रहरी र सेनाको उल्लेख्य सहभागिता थियो ।

नगर परिक्रमा पश्चात् आयोजित प्रवचन् कार्यक्रमका सहभागि वक्ताहरुले संविधान दिवस औपचारिक सरकारी कार्यक्रम मात्र नभएर आमजनताको उत्सव भएको बताएका थिए ।

यता बिहीबारै जनमत पार्टी सप्तरीका इन्चार्ज रामगमन साहको नेतृत्वमा पार्टी कार्यालयबाट निस्केको जुलुस "संविधान संशोधन गर, समाजिक लोकतन्त्र कायम गर, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र घोषणा गर" लगायतका नाराबाजी गर्दै बजार क्षेत्र परिक्रमा गरेका थिए ।

यस्तै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल, जनमत पार्टी र स्वाधिन मधेश जनअभियान सप्तरीले आफ्ना माग सम्बोधन नगरि संविधान जारि भएको भन्दै छुट्टाछुट्टै बिरोध प्रदर्शन गरेका छन् ।

लोसपाका जिल्ला अध्यक्ष सुनिल झाको अगुवाईमा "असोज ३ कालो दिन" लेखिएको ब्यानरसहित बिरोध प्रदर्शन गरिएको छ । हात र टाउँकोमा कालोपट्टी बाँधेर गरिएको बिरोध प्रदर्शनमा लोसपाका केन्द्रिय नेता जयप्रकाश ठाकुर, राजविराज नगरपालिका निवर्तमान मेयर शम्भुप्रसाद यादव, निर्वतमान उपमेयर साधना झाका साथै सयौं नेता कार्यकर्ता सहभागि भए ।

यसैगरि कैलाश महतो नेतृत्वको स्वाधिन मधेश जनअभियान सप्तरीले पनि असोज ३ कालो दिन नारासहित बिरोध प्रदर्शन गरेका छन् ।

बिहीबार नै जनता समाजवादी पार्टी (जसपा) नेपाल सप्तरीका अध्यक्ष केदार यादवको अध्यक्षतामा संविधान संशोधन विषयक विचार गोष्ठीको आयोजना गरिएको छ । गोष्ठिका सहभागिहरुले वर्तमान संविधानमा जनताको भावना नसमेटिएको भन्दै संविधानमा देखिएको त्रृटी सच्याउनु पर्ने माग गरेका थिए ।

## संविधानको खारेजीको माग गर्दा बिरगंजबाट आजपा नेताहरु पक्राउ




**दैनिक समाचारदाता**
**बिरगंज, ३ असोज ।**

आम जनता पार्टी (आजपा) ले बर्तमान संबिधानको खारेजीको माग गर्दै बिहीबर

***बाँकी अन्तिम पृष्ठमा***

## संविधानले ब्यवस्था गरेका नागरिकका कर्तव्यहरू

- राष्ट्रप्रति निष्ठावान हुँदै नेपालको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्नु,
- संविधान र कानूनको पालना गर्नु,
- राज्यले चाहेका बखत अनिवार्य सेवा गर्नु,
- सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु,

जस्ता नागरिक कर्तव्यको पालना गरौं, जिम्मेवार नागरिकको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### सूचना सार्वजनिक गरिनुपर्छ

सूचनामा सबै जनातको पहुँच आवश्यक छ । सूचना लुकाएर होइन् सार्वजनिक गरेर पारदर्शी गर्ने विषय हो । सूचना पाउने अधिकार सबै आम नागरिकको हो । कोही पनि सूचना पाउनबाट बञ्चित हुनुहुँदैन् । जनतासँग सरोकार राख्ने हरेक विषयलाई अहिलेको अवस्थामा पारदर्शि गर्नुपर्ने आवश्यकता रहेको छ । कीन भने सूचना पारदर्शी गरिएन भने हरेक व्यक्तिले व्यक्तिगत रुपमा सूचना पाउन समय लाग्छ । सानो भन्दा सानो कुरालाई जनतासामु सार्वजनिक गर्नु पर्ने मान्यता रहेको छ ।

तर अहिले सूचना सार्वजनिक गर्नु भन्दा पनि लुकाउने प्रवृतीको विकास भएको छ । विभिन्न कार्यालयहरुबाट सूचना पाउनका लागि केही नियम हुन्छन् । ती नियम तहत सूचना पाउन कुनै गाह्रो हुँदैन् । तर सूचनाका लागि नियम सम्वत प्रक्रिया पुऱ्याएर निवेदन दिँदा पनि सूचना पाउन सहज छैन् । राष्ट्रिय सूचना आयोगमा कुनै पनि सरोकारवाला निकायले सूचना नदिए सिधै उजुरी दिने प्रावधान छ । यही प्रावधानलाई आम जनताले टेकेर उजुरी दिने गर्छन् । सूचना कीन दिइदैन् ? आफुखुशी काम गर्ने उद्देश्य, रकमको प्रलोभन, गलत काम गर्ने नियत लगायतका हुन सक्छन् ।

तसर्थ सूचनाको अधिकारबाट बञ्चित गर्नु भनेको गैरकानुनी कार्य हो । विषयगत कार्यालयहरुले सार्वजनिक गर्नु पर्ने सूचना सार्वजनिक गरेर सूचनाको हकलाई सुनिश्चितता प्रदान गर्न तदारुकता देखाउनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्र निर्माणमा संविधान संशोधनको भूमिका

धर्मेन्द्र झा

काठमाडौँ, ३ असोज (रासस) ।

जननिर्मित संविधानको आज दशौँ दिवस हो । २०७२ मा आजकै दिन संविधान जारी भएको थियो । यससँगै दुई दशकदेखिको विषम कालखण्डको पटाक्षेप भएको विश्वास गरिएको थियो र आफैँले संविधान लेख्ने जनताको सात दशकदेखिको सपना साकार भएको थियो । बिहीबार देशभर विविध कार्यक्रमको आयोजना गरी संविधान दिवस र राष्ट्रिय दिवस मनाईदैछ । आजका दिनमा आम नेपालीले तीन महान व्यक्तित्वलाई स्मरण गर्नु जरुरी छ । पहिलो, प्रथम राष्ट्रपति डा रामवरण यादव, जसबाट संविधान जारी भएको थियो । दोस्रो, तत्कालीन प्रधानमन्त्री सुशील कोइराला, जसले संविधान जारी हुँदा सरकारको नेतृत्वकर्ताको हैसियतले संविधान जारी गर्न सहजीकरण गर्नुभएको थियो र तेस्रो, संविधानसभाका अध्यक्ष सुवास नेम्वाङ । संविधान निर्माण गर्ने सन्दर्भमा उहाँको समन्वयकारी भूमिका निकै महत्वपूर्ण छ । र सबैभन्दा महत्वपूर्ण छ, यी तीनैजना नेतृत्वकर्ता बीचको सहकार्य र समन्वय । आज कोइराला र नेम्वाङ हामीबीच हुनुहुन्न । तर उहाँहरूले देश र जनताका पक्षमा निर्वाह गर्नुभएको कालजयी भूमिका हाम्रासामु उपलब्धिस्वरुप उपस्थित छ । आजका दिनमा उहाँहरूप्रति श्रद्धासुमन अर्पण गर्नु उचित हुन्छ ।

त्यसबखत संविधान जारी प्रक्रियामा मधेस र थरुहट केन्द्रित दल र नेताको सहभागिता जुट्न नसक्दा संविधानले समग्र सहमतिको दस्तावेज बन्ने गौरव केही हदसम्म गुमाएको अनुभव गरिएको थियो । कालान्तरमा यस मनोभावमा क्रमश: परिवर्तन आए पनि केही वर्ग र समुदायमा एक प्रकारको तुष कायमै रहेको स्वीकार गर्नु अनुचित हुने छैन । एउटा कुरा भने निश्चित हो, त्यस्तो तुसको आकार र दायरा निरन्तर सङ्कुचित हुँदैछ । जे होस् पछिल्ला दिनमा संविधान कार्यान्वयनका दिशामा देखिएका जटिलता क्रमश: सम्बोधन भइरहेका छन् । तर संविधानको कार्यान्वयनमा अझै धेरै मिहिनेत गर्न बाँकी छ । यस मार्गमा अनेक चुनौती छन् । संविधान कार्यान्वयनका दिशामा थुप्रै प्रयास भएका छन्, भइरहेका छन्, तर पर्याप्त छैनन् ।

संविधानको कार्यान्वयन गर्ने र विगतमा असन्तुष्ट रहेकाहरूको मनोभावलाई सम्बोधन गर्ने सन्दर्भमा संविधानको संशोधन एक महत्वपूर्ण उपाय हुन सक्छ । नेपालका राजनीतिक दल र दवाव समूहहरूले यो यथार्थ स्वीकार गरेका पनि छन् । संविधानमै प्रत्येक १० वर्षमा मूल्याङ्कन र पुनरावलोकन गर्न सकिने प्रावधानको व्यवस्था गरिएको छ । यति हुँदाहुँदै पनि संशोधनका दिशामा अपेक्षित प्रक्रिया अघि बढ्न सकेको थिएन । विगतमा संविधान जारी हुँदाका प्रारम्भकै दिनमा दुईवटा संशोधन त भएका हुन् तर त्यसपछिका दिनमा आवश्यकता बोध गरिँदागरिँदै पनि दलहरूबीच सहमति जुट्न नसक्दा संशोधनको प्रक्रियाले मूर्त रुप लिन सकेको थिएन ।

यस पटक भने संविधान संशोधनकै मूल अभिप्राय राखेर संसद्का दुई ठूला दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)को गठबन्धनमा सरकार निर्माण भएको छ । यस गठबन्धनमा संविधानको संशोधनका पक्षधर केही साना दल पनि समावेश पनि छन् । संविधान जारी भएको १० वर्षमा संविधान कार्यान्वयन र कार्यान्वयन भएका प्रावधानको प्रभावका सम्बन्धमा मिहीन ढङ्गले विश्लेषण गर्दा निर्वाचन प्रणाली, सङ्घीयता कार्यान्वयन, प्रदेशका अधिकारलगायतका केही विषयमा संविधानमा नयाँ ढङ्गले सम्बोधन गर्नुपर्ने आवश्यकता बोध सबैतिरबाट भएको हो । आशा गरौँ यो सरकारले यिनै भावनाका आधारमा संविधान संशोधनको प्रक्रिया अघि बढाउनेछ ।

नेपालका सन्दर्भमा कतिपय राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्वानको मत छ, नेपालको राष्ट्र निर्माणको प्रक्रिया अझै पूरा भइसकेको छैन र यो प्रक्रिया अझै जारी नै छ । राष्ट्र निर्माणको सन्दर्भ उठ्दा विद्वान पौल जेम्सको भनाइसँग सहमति जनाउन सकिन्छ । पौलले राष्ट्र निर्माणलाई राष्ट्रको संरचना वा गठन भन्नुभएको छ । उहाँका अनुसार बृहत् प्रक्रियाहरूका माध्यमबाट राष्ट्र बन्छ । राष्ट्र निर्माणको लक्ष्य जनताको एकीकरण हो यसबाट अगाडिका दिनमा राज्यले राजनीतिक रूपमा स्थायित्व र सक्षमता प्राप्त गर्दछ । राष्ट्र निर्माणको सम्बन्ध त्यहाँको भूगोलहरूमा रहेको विविध राष्ट्रियताहरूलाई समाहित गरी सिङ्गो राष्ट्रियता निर्माण गर्नुसँग पनि छ भनियो भने अतिशयोक्ति हुँदैन । निष्कर्षमा भन्ने प्रयास गर्ने हो भने राष्ट्र निर्माणका लागि जनताको एकीकरण, विविध विचार, दृष्टिकोण, सिद्धान्त र आदर्शहरूको स्वीकारोक्ति र समावेशीकरण, छरिएर रहेका समाजलाई समेटी एकीकृत समाज निर्माण र क्रियाशील राज्य संयन्त्रको उपस्थिति आवश्यक हुन आउँछ ।

राष्ट्र निर्माणलाई सूक्ष्मरूपमा बुझ्ने प्रयत्न गर्ने हो भने यसलाई दुईवटा सन्दर्भमा हेर्न सकिन्छ । पहिलो, समग्रमा राष्ट्र निर्माण (बन्ने) हुने कुरा र दोस्रो, निर्माण भइसकेको राष्ट्रलाई समुन्नत र समृद्ध बनाउने कुरा । तर उपयुक्त दुवैमा एउटा कुराको समानताको अपेक्षा गरिन्छ । त्यो के भने त्यहाँ बसोबास गर्ने जनताको इच्छा–आकाङ्क्षा, समाज, धर्म–संस्कृति, भाषा–साहित्य, मूल्य–मान्यता, विश्वास आदिको समान स्वीकृति र प्रस्फुटनको अवस्था निर्माण हुनु अपेक्षित हुन्छ । यी विषयहरू खास भूगोलमा बसोबास गर्ने जनताले निर्माण गर्न चाहेको तिनका राष्ट्रिय पहिचानसँग पनि सम्बन्धित छन् र यसको निर्माणका लागि राज्यको शक्ति प्रयोग हुने वा गर्ने सोच निहित हुन्छ । यसका लागि राज्य सञ्चालनमा सहभागिता अपेक्षित हुन्छ । अर्कोतर्फ, राष्ट्र निर्माणको सम्बन्ध आर्थिक र भौतिक विकास तथा त्यस्ता विकासमा सबैको सहभागिता एवं प्रतिफलको उचित र समान सदुपयोगसँग पनि छ । त्यस्तै मानवअधिकारको प्रत्याभूति र संरक्षणसँग पनि राष्ट्र निर्माणको सन्दर्भ जोडिएको हुन्छ । यसरी हेर्ने हो भने हामीकहाँ माथि उल्लेख गरिएजस्तै राष्ट्रनिर्माणको दुवै सन्दर्भको उपस्थिति रहेको पाउन सकिन्छ ।

राष्ट्र निर्माणको सम्बन्ध समग्र राष्ट्रियता प्रवर्द्धनसँग छ । पछिल्लो कालखण्डमा देशभरि व्याप्त असन्तुष्टि (जसले आन्दोलनसमेतको रुप लिएको छ) लाई राष्ट्र निर्माणकै सन्दर्भमा विश्लेषण गरिनु जरुरी छ । वास्तवमा राष्ट्र निर्माण एक प्रक्रिया हो जो कुनै न कुनैरूपमा सधैँ नै निरन्तर जारी रहन्छ । यसै आधारमा कतिपयले नेपाल अझै राष्ट्र निर्माणको प्रक्रियामै रहेको भन्ने गरेका छन् । यस विश्लेषणलाई स्वीकार गर्ने हो भने संविधानमा संशोधनमार्फत राष्ट्र निर्माणको प्रक्रियालाई सम्बोधन गर्न सकिने तर्क राखिनु असङ्गत नठहर्ला । संविधान जारी हुँदा ताकाका राष्ट्रनायकहरू डा यादव, कोइराला र नेम्वाङको संयुक्त भूमिकाको मूल्याङ्कन प्रयत्नले पनि राष्ट्रनिर्माणमा संयुक्त प्रयास र पहल आवश्यक छ भन्ने कुराको पुष्टि हुन्छ ।

निश्चय पनि नेपाल र नेपालीका लागि आजको दिन निकै महत्वपूर्ण छ । आम नेपालीको वर्षौंदेखिको लोकतन्त्र र सङ्घीयताको चाहना संस्थागत भएको दिनका रूपमा यस दिनलाई हेरिनु अनुचित हुँदैन । माथि पनि चर्चा गरियो, यो संविधानमार्फत नेपाली जनताको सात दशकदेखिको सपना सामार भएको मान्न सकिन्छ । आम नेपाली जनताको सङ्घर्ष र त्यागको परिणाम हो यो संविधान । निश्चय पनि नेपाल र नेपालीका लागि लोकतन्त्र, स्वतन्त्रता, अधिकार, पहिचान आदिका सन्दर्भमा विगतमा सञ्चालित अनेकौं क्रान्ति र आन्दोलनको स्मरण गर्नु उचित हुन्छ । संविधानअनुसार लोकतन्त्र र सङ्घीयता संस्थागतको प्रयास भएको छ ।

यस संविधानको धेरै कोणबाट थुप्रै आलोचना गर्न सकिए पनि यसका थुप्रै विशेषता पनि छन् । यो संविधानले सङ्घीय गणतन्त्रलाई संस्थागत गरेको छ, जो सर्वाधिक ठूलो उपलब्धि हो । यो यस्तो उपलब्धि हो, जसले विगतको आन्दोलनलाई श्वर प्रदान गरेको छ । २०६२/६३ को जनआन्दोलनको मागको उत्कर्षको प्राप्ति गणतन्त्र थियो भने २०६३/६४ को मधेस आन्दोलनको उपलब्धि सङ्घीयता थियो । यो संविधानले विगतको उक्त दुवै आन्दोलनको मर्मलाई स्वीकारेर जनअभिव्यक्तिलाई सङ्घीय गणतन्त्रका रूपमा अनुवाद गरेको छ । यो महत्वपूर्ण छ । यो यस्तो पक्ष हो जसका आधारमा संविधानको समर्थन र स्वागत गरिनुपर्थ्यो र गरियो पनि । संविधानको विश्लेषण गर्ने हो भने केही कमजोरी छन् । यी कमजोरीका बारेमा समय छँदै आवाज नउठेको होइन । संविधान निर्माणको प्रक्रियासँगै गुन्जिन थालेका असहमतिलाई भावी दिनमा संशोधनमार्फत सम्बोधन गरिनु उचित हुन्छ र यसबाट राष्ट्र निर्माणको प्रक्रिया पनि क्रमश: परिपक्व हुँदै जाने विश्वास गर्न सकिन्छ । (लेखक राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ)

# एमालेको अधिवेशनमा प्यानल बनाउन नपाइने

काठमाडौँ, ३ असोज (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पार्टीको अधिवेशनको निर्वाचनमा प्यानल बनाउन नपाइने व्यवस्था लागू गरेको छ ।

पार्टी महासचिव शङ्कर पोखरेलद्वारा जारी 'निर्णायक राष्ट्रिय शक्ति निर्माणको वार्षिक कार्ययोजना' मा पार्टीको कुनै पनि कमिटीमा अधिवेशनमा उठ्ने उम्मेदवारले प्यानल बनाउन नपाइने उल्लेख गरिएको छ । 'प्रत्येक उम्मेदवारले आफूलाई व्यक्तिगत रूपमा मतदातासमक्ष प्रस्तुत गर्ने । कसैले पनि प्यानल बनाएर प्रचार–प्रसार नगर्ने,' कार्ययोजनामा उल्लेख छ ।

कार्ययोजनामा आगामी ११औँ महाधिवेशनसम्म १० लाख सदस्यता पुऱ्याउने लक्ष्य लिइएको छ । कार्ययोजनामा १० लाख सदस्यता पुऱ्याउन पार्टीले जनसङ्गठन र सम्पर्क मञ्चका क्रियाशील व्यक्तिलाई आधार बनाई नयाँ सदस्यता विस्तारको योजना कार्यान्वयन गर्ने उल्लेख गरिएको छ ।

पार्टीले आगामी वर्षदेखि अभिलेखीकरणको काम सङ्गठन विभागको निर्देशनअनुरूप 'अनलाइन'मार्फत गर्ने भएको छ । कार्ययोजनामा पार्टी प्रवेशबाट आएका र नयाँ सदस्यता प्राप्त सबै पार्टी सदस्यका लागि अनिवार्य आधारभूत तहको प्रशिक्षणको व्यवस्था मिलाउने र जिल्ला कमिटीले सदस्यहरूको मागका आधारमा तोकिएको ढाँचामा पार्टी सदस्यता 'कार्ड' मुद्रण गरी वितरण गर्ने 'सर्कुलर'मा राखिएको छ ।

पार्टीको विधानले तोकेको अवधिभित्र अधिवेशन सम्पन्न नभएका कमिटीहरू स्वत: सङ्गठन कमिटीमा रूपान्तरण हुने व्यवस्था गरिएको छ । अन्य पार्टीबाट एमाले प्रवेश गरेकाहरूलाई पार्टी जिम्मेवारी प्रदान गर्नुपूर्व आधारभूत तहको प्रशिक्षण अनिवार्य गर्ने र नयाँ पार्टी सदस्यलाई पार्टी सदस्यको शपथग्रहण समारोहपूर्व आधारभूत प्रशिक्षण प्रदान गर्ने योजना कार्ययोजनामा राखिएको छ ।

कार्ययोजनामा पार्टीको आर्थिक बक्यौता रहेकाहरू कसैलाई पनि अधिवेशनहरूमा र जननिर्वाचित निकायहरूमा उम्मेदवार बन्न नपाउने व्यवस्थालाई कडाइका साथ लागू गर्ने भनिएको छ ।

पार्टी तथा जनसङ्गठनका विभिन्न तहका नेता तथा कार्यकर्ता, जनप्रतिनिधिहरू र पार्टीका तर्फबाट राजकीय तथा सार्वजनिक ओहोदामा रहेका व्यक्तिहरूका विषयमा उठेका आर्थिक, नैतिक र चारित्रिक प्रश्नहरूमा प्रश्नको प्रकृति हेरी पार्टीका तर्फबाट तत्काल अध्ययन गरी सो सम्बन्धी धारणा सार्वजनिक गर्ने कार्ययोजनामा उल्लेख गरिएको छ ।

# संविधान संशोधनबाट राजनीतिक अस्थिरताको सम्बोधन गर्न सकिन्छ : प्रधानमन्त्री

काठमाडौँ, ३ असोज (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधनबाट राजनीतिक तहमा देखिएका अस्थिरताको सम्बोधन गर्न सकिने बताउनुभएको छ । संविधान दिवस, २०८१ तथा राष्ट्रिय दिवसका अवसरमा सैनिक मञ्च टुँडिखेलमा बिहीबार आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले संसद्मा रहेको सबै राजनीतिक दलको सहमतिबाट संविधान संशोधन अघि बढाइने विश्वास दिलाउनुभयो ।

"संशोधन प्रक्रियामा संसद्को गणितीय सङ्ख्या मात्रै हेर्ने छैनौँ, सरकारमा रहेका पार्टीहरूको मात्र होइन, सकेसम्म सबै दलको सहमति प्राप्त गर्ने अधिकतम प्रयास गरिनेछ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "संविधानलाई समयानुकूल बनाउनुपर्छ, समयानुकूल बनाउने भनेको अनुकूल नभएका प्रावधान हटाउने वा परिमार्जन गर्ने हो, 'लिखत र मर्म' अनुसार नभएका वा बाधा पुगेको ठाउँमा परिवर्तन गर्नु हो ।"

प्रधानमन्त्री ओलीले प्राप्त अधिकारको रक्षा र कार्यान्वयन अबको लडाइँ भएको उल्लेख गर्दै राजनीतिक स्थिरता, नीतिगत स्थायित्व र समृद्धिका लागि सबै पक्ष प्रतिबद्ध हुनुपर्ने बताउनुभयो । "एउटा युवाले देशभित्रै रोजगारी पाउँछु भनेर ढुक्क हुन पाओस्, श्रमिकले मर्यादित काम पाउँछु भनेर विश्वास गर्न सकोस्, नागरिकलाई स्वास्थ्योपचारमा समान पहुँच होस्, कसैको भोको शरीरले ओछ्यान छुन नपरोस् । बालबालिका सडकमा होइन, विद्यालयमा भेटिउन्, किसानले कृषि उपजको बजार र मूल्य पाऊन्" भन्ने वातावरण बनाउनेतर्फ वर्तमान सरकार सचेततापूर्वक अघि बढिरहेको स्पष्ट पार्नुभयो ।

सो वातावरण बनाउन सरकारले प्रथमतः मौलिक हक कार्यानवयनका लागि आवश्यक कार्ययोजना तयार पार्ने काम गरिरहेको प्रधानमन्त्रीले जानकारी दिनुभयो । उहाँले नीतिगतले रूपमा अहिले मौलिक हक कार्यान्वयनका लागि बनेका कानुनको प्रभावकारी कार्यान्वय गर्न आवश्यक कार्ययोजना बनाउने कामले तीव्रता पाएको स्पष्ट पार्नुभयो ।

मौलिक हक कार्यानवयनका लागि आर्थिक स्रोत जुटाउनेतर्फ सरकारको ध्यान केन्द्रित भएको जनाउँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, "संविधानमा किटान गरिएको मौलिक हकको कार्यान्वयन गर्न लाग्ने आवश्यक आर्थिक स्रोत तत्काल उपलब्ध छैन, स्रोतसाधनको व्यवस्था गरी जनतालाई राहत दिन सरकार क्रियाशील छ ।"

अझै पनि २० प्रतिशत नागरिक निरपेक्ष गरिबीको रेखामुनि रहेको जनाउँदै उहाँले वर्तमान सरकार सबै नागरिकलाई गरिबीको दुष्चक्रबाट बाहिर निकाल्न लागि परेको बताउनुभयो । "यो अवस्था अन्त्य गरेर मात्र समाजलाई समतामूलक बनाउन सक्छौँ, समतामूलक समाजबाट मात्रै 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा हुन सक्छ", प्रधानमन्त्रीले भन्नुभयो, "राष्ट्रिय आकाङ्क्षा पूरा गर्न हाम्रो विकासको ढाँचालाई समावेशी बनाउनुपर्दछ ।"

संविधानले सबैलाई प्रतिस्पर्धाका लागि समान आधार तयार गरेको जनाउँदै प्रधानमन्त्री ओलीले सर्वकालिक सामाजिक सुरक्षाबाट ज्येष्ठ नागरिक तथा बालबालिकाका लागि गुणस्तरीय शिक्षा र स्वास्थ्यसेवासहित संरक्षण थालनी गरिएको स्पष्ट पार्नुभयो । उहाँले ज्यालामा आधारित रोजगारीलाई मर्यादित एवं सुरक्षित बनाउने र योगदानमा आधारित सामाजिक सुरक्षामार्फत सेवा निवृत्तपछि नागरिकको जीवन सहज र सुखी बनाउनेमा सरकार दृढ रहेको बताउनुभयो ।

स्टार्टअप, स्वरोजगारी एवं उद्यमशीलतामा लगानी गर्ने र त्यसमा धेरैभन्दा धेरै युवालाई संलग्न गर्ने सरकारको नीति रहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले भविश्यका लागि अहिले युवा र बालबालिकामा धेरै लगानी गर्नुपर्छ भन्नेमा सरकार स्पष्ट रहेको बताउनुभयो । विकासका लागि स्थायित्व अनिवार्य सर्त भएको उल्लेख गर्दै उहाँले नीति र राजनीतिक दुवै क्षेत्रमा स्थायित्व आवश्यक भएको बताउनुभयो ।

मुलुकले अपनाएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्वस्थ प्रतिस्पर्धासहितको व्यवस्था भएको जनाउँदै प्रधानमन्त्री ओलीले 'सबैलाई अधिकार, अवसरमा समान पहुँच, समानता, सामाजिक न्याय, सुरक्षा र मर्यादा' सहितको लोकतन्त्र नै असली लोकतन्त्र भएको बताउनुभयो । उहाँले कानुनी राज, पारदर्शिता र उत्तरदायित्व नेपाली लोकतन्त्रको अभिन्न सर्त भएको स्पष्ट पार्नुभयो ।

"हाम्रो राज्यव्यवस्था सङ्घीय लोकतान्त्रिक गणतन्त्र हो, यो कुनै वंशको निरङ्कुश शासनको निरन्तरता होइन, जनताले आफ्ना शासक आफैँले छान्ने विधिद्वारा परिचालित प्रगतिशील प्रणाली हो", प्रधानमन्त्रीले भन्नुभयो, "अब यो प्रणालीबाट पछाडि फर्किँदैन, जनता आफैँले सिर्जना गरेको विद्यमान राजनीतिक शासन व्यवस्था हो, यसलाई बलियो बनाउनु र यसका पक्षमा उभिनु हामी सबैको कर्तव्य र दायित्व हो ।"

**'संविधानमा हाम्रा सामूहिक इच्छा र साझा दृष्टिकोण प्रतिविम्बित छन्'**

नेपाल र नेपालीका लागि आज विशेष दिन भएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले वर्षौं लामो सङ्घर्ष, हजारौँको बलिदान र अथक मेहिनेतबाट आजैका दिन देशको मुलुक कानुन बनेको स्मरण गर्नुभयो । प्रधानमन्त्रीले 'जनताद्वारा जनताका लागि' लिपिबद्ध गरिएको यस ऐतिहासिक दस्तावेज बनाउने संविधानसभाले आधा दशकभन्दा बढी समय लगानी गरेको बताउनुभयो ।

"आज विसं १९९३ देखि अधिकार प्राप्तिका लागि नेपाली जनताले सुरु गरेको सङ्गठित आन्दोलनलाई संस्थागत गर्ने र २००७ सालदेखि 'आफूद्वारा आफैँलाई शासन गर्ने, संविधान आफैँले लेख्ने' जनताका चाहना पूरा भएको दिन पनि हो", प्रधानमन्त्री ओलीले भन्नुभयो ।

विगतको सङ्घर्षसँगै तय भएका गन्तव्य, सँगै हिँडेको यात्रा र हासिल गरेका साझा उपलब्धिलाई संविधान दिवसले सम्झाउने उल्लेख गर्दै प्रधानमन्त्रीले अनेक जालझेल र घेराबन्दी छिचोल्दै बनेको संविधानको रक्षा, संवर्द्धन र विकासका लागि प्रण गर्ने तथा यसको प्रभावकारी कार्यान्वयनका लागि उत्प्रेरित गरिरहेको अनुभूति प्रकट गर्नुभयो । उहाँले संविधानसभाबाट जारी संविधानबाट हाम्रा सामूहिक इच्छा र साझा दृष्टिकोण प्रतिविम्बित भएको बताउनुभयो ।

प्रधानमन्त्रीले भन्नुभयो, "संविधानमा मजदुर, किसान, शिक्षक, विद्यार्थी, युवा तथा पाका सबैको आवाज गुन्जिएको छ, महिला, दलित, आदिवासी/जनजाति, थारू, मुसलमान, मधेसी-पहाडी, हिमाली, अल्पसङ्ख्यक/उत्पीडित र सम्पूर्ण पिछडिएका वर्ग तथा क्षेत्रका नेपालीको सपना र आकाङ्क्षा उल्लेख भएको छ ।" संविधानले प्रत्येक नागरिकलाई अधिकार दिलाएको, आफ्नो कर्तव्य र मर्यादा सिकाएको तथा सबै नेपालीको सुन्दर भविष्यका लागि प्रतिबद्धता व्यक्त गरेको उहाँको भनाइ छ ।

"अपवादलाई छाडेर यस संविधानले सबै नेपालीको भावनालाई समेटेको छ, यदि सबैको भावना नसमेटिएको हुन्थ्यो भने ९ वर्षअघि संविधान जारी हुँदाको 'असहमति' त्यत्तिकै शान्त हुने थिएन", प्रधानमन्त्री ओलीले भन्नुभयो, "'असहमति'को आडमा हामीबीचको सद्भाव खल्बल्याउन खोज्ने शक्तिका विरुद्ध एक हुने आमनेपाली जनताको सुझबुझपूर्ण सहयोगको स्मरण गर्दै विशेष धन्यवाद भन्न चाहन्छु ।"

समारोहमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायत नागरिक समाजका तर्फबाट विभिन्न सांस्कृतिक झाँकी प्रस्तुत गरिएको थियो । समारोहस्थलमा नेपाली सेनाको हेलिकप्टरमार्फत 'संविधान तथा राष्ट्रिय दिवस २०८१' अङ्कित ब्यानर प्रदर्शन र पुष्पवृष्टि गरिएको थियो । सो क्रममा शान्तिको प्रतीक सेतो परेवासमेत उडाइएको थियो ।

समारोहमा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, मन्त्रिगण, सङ्घीय सांसद, जनप्रतिनिधि, संवैधानिक निकाय तथा सुरक्षा अङ्गका प्रमुख, विदेशी मित्रराष्ट्र तथा कूटनीतिक नियोगका प्रमुख, सामाजिक जीवनमा लब्ध-प्रतिष्ठित विशिष्ट महानुभाव र राष्ट्रसेवक कर्मचारीलगायत सहभागी हुनुहुन्थ्यो ।


नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी
राजविराज

मिति :-२०८१/०५/३०

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।

यसमा जिल्ला सप्तरी गा.वि.स. कोइलाडी मधेपुरा वाड नं. ८ हाल तिलाठी कोइलाडी गा.पा. वडा नं. ६ बस्ने धौलाइ यादबको नाति रामफल यादबको छोरा अर्जुन प्रसाद यादव, लक्ष्मी यादव, रामदेव यादव र शम्भु यादबको पत्नी श्रीमति अमला देवी यादव समेत ४ को यस कार्यालयमा द.नं. १३२६ मिति २०८१/०४/२१ गतेमा माग निवेदन बमोजिम जिल्ला सप्तरी गा.वि.स. कोइलाडी मधेपुरा वाड नं. ८ कि.नं. ७६ ज.वि. ०-२-१३ को श्रेष्ता च्यातिएकोले उक्त जग्गाको श्रेष्ता कायम गरी नामसारी गर्न यस कार्यालयमा द.नं. १३२६ मिति २०८१/०४/२१ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०५/३० मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा श्रेष्ता कायम नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समशानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम श्रेष्ता कायम नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल:-

| गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | साबिक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| कोइलाडी मधेपुरा | ८ | ७६ | ०-२-१३ | रामफल यादव | यो जग्गाको मोठ श्रेष्ता खोज तलास गर्दा फेला नपरेको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि पेश भएको। |

२०८१/०५/३०
प्रमुख मालपोत अधिकृत


## विश्व समाचार

### कोभिडको तुलनामा एमपक्स महामारीको सामना गर्न विश्व तयार : गाभी खोप सञ्जाल

जेनेभा, ३ असोज (रासस/एएफपी) ।

कोभिड महामारीबाट सिकेका पाठहरूले अफ्रिकामा हाल फैलिरहेको एमपोक्स महामारीको सामना गर्न विश्वलाई तयार पारेको 'गाभी' खोप सञ्जालले जनाएको छ ।

"कोभिड सङ्क्रमणले महत्वपूर्ण शिक्षा सिकायो र ती शिक्षा अहिले काम लागिरहेका छन्", गाभीकी प्रमुख सानिया निश्तारले भन्नुभयो ।

"कोभिड महामारी फैलिएको समयका ती सिकाइ विशेष उपकरणमा परिणत भए जुन अहिले प्रयोगमा आउँदैछन्", पाकिस्तानका पूर्वस्वास्थ्यमन्त्रीले यस हप्ता बताउनुभयो ।

सन् २०२० को सुरुमा फैलिएको कोभिडले विश्वव्यापी स्वास्थ्य सङ्कटको सामना गर्न अन्तर्राष्ट्रिय समुदाय पूर्णरूपमा तयार नभएको कुरा प्रकट गर्यो । यसले विश्वव्यापी खोप असमानतामा पनि प्रकाश पारेको थियो ।

देशहरु अझै पनि स्वास्थ्य सङ्कटकालको समयमा तयारी सुनिश्चित गर्ने नयाँ महामारी सन्धिमा सहमत हुन सङ्घर्ष गरिरहेका छन् । तर गरिब देशमा खोपको पहुँच बढाउन काम गर्ने गाभी आपतकालिन अवस्थालाई सम्बोधन गर्न विश्वव्यापी सम्झौताको पर्खाइमा नरहेको निश्तारले बताउनुभयो ।

गाभीले गत जुनमा स्वास्थ्य आपतकालिन समयमा खोपका लागि आवश्यक रकम द्रुतरूपमा उपलब्ध गराउन पाँच सय डलर मिलियनको 'प्रारम्भिक प्रतिक्रिया कोष' स्थापना गरेको थियो ।

गाभीले डेनमार्कको औषधि उत्पादन कम्पनी बवेरियन नर्डिकसँग महामारीबाट प्रभावित अफ्रिकी देशका लागि यसको एमभीए-बीएन एमपोक्स खोपको पाँच लाख डोज खरिद गर्न सम्झौता गरेसँगै बुधबार कोषको रकम पहिलोपटक प्रयोग भएको घोषणा गरेको छ ।

"हामीले खोप खरिद गर्न प्रारम्भिक प्रतिक्रिया कोषबाट पाँच करोड डलर खर्च गरेका छौँ", निश्तारले भन्नुभयो ।

पहिले मङ्कीपक्स भनेर परिचित एमपक्स जनावरद्वारा मानिसमा सर्ने भाइरसका कारण हुन्छ तर नजिकको शारीरिक सम्पर्कबाट पनि मानिसबाट मानिसमा सर्न सक्छ । यसले ज्वरो, माङ्सपेशी दुख्ने र छालामा ठुला फोकाजस्ता घाउ निम्त्याउँछ, र केही अवस्थामा घातक हुन सक्छ ।

विश्व स्वास्थ्य सङ्गठनले गत महिना कङ्गोमा नयाँ क्लेड १बी भेरियन्टको सङ्क्रमण तीव्र भएपछि एमपक्सलाई अन्तर्राष्ट्रिय स्वास्थ्य आपतकाल घोषणा गरेको थियो ।

जनवरीदेखि अगस्टबीचमा कङ्गोमा लगभग २२ हजार एमपक्स सङ्क्रमित फेला परेका थिए भने सय सयभन्दा बढीको मृत्यु भएको थियो ।

'अफ्रिका सेन्टर फर डिजिज कन्ट्रोल एन्ड प्रिभेन्सन'ले महाद्वीपलाई एमपक्स खोपको एक करोड डोज प्राप्त गर्न आह्वान गरेको छ । हालसम्म अफ्रिकामा ३.६ मिलियन खोप प्राप्त भएको छ ।

गभीले गत जूनमा हैजा, इबोला, मेनिन्जाइटिस र पहेँलो ज्वरो विरुद्धको खोपको भण्डारण जस्तै सन् २०२६ देखि एमपक्स खोपको विश्वव्यापी भण्डार निर्माण गर्ने निर्णय गरेको थियो ।

विश्व स्वास्थ्य सङ्गठनले अफ्रिकाका लागि खोप उत्पादन "एक्सेलेरेटर" पनि सुरु गरेको छ । "समग्रमा हामी कोभिडको तुलनामा धेरै राम्रो परिदृश्यमा छौँ", निश्तारले भन्नुभयो ।

### श्रीलङ्कामा आर्थिक मन्दीपछि पहिलोपटक शनिबार मतदान हुँदै

कोलम्बो, ३ असोज (रासस/एएफपी) ।

श्रीलङ्का आर्थिक सङ्कटमाथिको सावधानीपूर्ण अवतरणपछि श्रीलङ्कामा शनिबार मतदान हुँन लागेको छ ।

राष्ट्रपति रनिल विक्रमासिङ्घेले अर्थतन्त्रलाई स्थिर बनाउन र महिनौँसम्मको खाद्यान्न, इन्धन र औषधिको अभावको अन्त्य गर्ने श्रेय दाबी गर्दै नयाँ जनादेशका लागि निर्वाचनको घोषणा गर्नुभएको हो ।

सन् २०२२ मा मन्दीका कारण आक्रान्त बनेका नागरिकले तत्कालिन निर्वाचित राष्ट्रपतिविरूद्ध आन्दोलित भएपछि देश छोडेर भाग्नुभएको थियो भने विक्रमासिङ्घेले सङ्कटका समय देशलाई नेतृत्व गरेर थलिएको अर्थतन्त्रलाई सम्हाल्दै झण्डै सङ्कटग्रस्त हुनुपहिलेको अवस्थामा पुर्याउनुभएको छ ।

निर्वाचनमा आफूलाई मतदान गर्न आह्वान गर्दै प्रचारको अन्तिम समयमा विक्रमासिङ्घेले भन्नुभयो, "सबै आशा हराएको पहिलेको समयलाई सोच्नुहोस् र कसलाई मतदान गर्ने फैसला गर्नुहोस् । हामीले सत्ता सम्हाल्दा खाना, ग्यास, औषधि पाउनसक्ने कुनै आशा थिएन ।"

उहाँले भन्नुभयो, "अब तपाईंसँग विकल्प छ। तपाईं आतङ्कको अवधिमा फर्कन चाहनुहुन्छ कि प्रगति गर्न चाहनुहुन्छ भन्ने निर्णय गर्नुहोस् ।"

विक्रमासिङ्घेको कर वृद्धि गर्ने र राज्यले नागरिकका लागि दिएका अन्य सुविधाहरूलाई कसिलो पार्दै दातृ निकाय र यसमा पनि खासगरी आइएमएफको बेलआउटको सर्तहरू पूरा गर्दा नागरिकहरू उहाँसँग खुशी छन् वा छैनन् यो निर्वाचनले निर्णय दिनेछ । उहाँ सङ्कटका समय नेतृत्व गरेको र देशलाई थप वर्वादीतिर जानबाट रोक्न सकेकोमा आफु बिजयी हुनेमा आशावादी हुनुहुन्छ ।

विज्ञहरूका अनुसार श्रीलङ्काको अर्थतन्त्र अझै पनि कमजोर छ । यहाँको ४६ अर्ब विदेशी ऋणको भुक्तानीको समय सन् २०२२ पछि सरकारी प्रतिवद्धता अनुसार फेरी आएको छ ।

विक्रमासिङ्घेले निर्वाचित भएमा आफ्नो तपस्याबाट आएको कार्यक्रमलाई अगाडि बढाउने र आईएमएफसँगको सहकार्यमा कुनै विचलनतिर जान नदिने बताउनुभएको छ ।

"निर्वाचन धेरै हदसम्म विक्रमासिङ्घेको सरकारले कसरी आर्थिक सङ्कट र आगामी सुधारलाई ह्यान्डल गरेको छ भन्नेमा जनमत सङ्ग्रह हुनेछ", अन्तर्राष्ट्रिय सङ्कट समूहले यस हप्ताको एक रिपोर्टमा भनिएको छ ।

# मधेश प्रदेश सरकारले पहिलो पटक औपचारिक रूपमा संविधान दिवस मनायो




**दैनिक समाचारदाता**
**जनकपुरधाम, ३ असोज ।**

मुलुकमा संविधान आएपछि मधेश प्रदेश सरकारले पहिलो पटक औपचारिक रूपमा संविधान दिवस मनाएको छ ।

संविधान दिवसको अवसरमा गृह, सञ्चार तथा कानुन मन्त्रालयको आयोजनामा बिहीबार बिहान प्रभातफेरि गरिएको छ ।

जनकपुरधामको रामानन्द चोकबाट सुरु भएको प्रभातफेरि नगरको विभिन्न भागको परिक्रमा गरेको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको ब्याण्डबाजासहित प्रभातफेरिमा मुख्यमन्त्री सतिशकुमार सिंह, प्रदेश सरकारका मन्त्रीहरू, प्रदेश सांसद, सुरक्षा निकायका प्रमुख, कर्मचारी, विद्यार्थी लगायतको सहभागिता रहेको थियो ।

प्रभातफेरि जनकपुरधामको महेन्द्रनारायण निधि मिथिला संकृति भवनको सभाहलमा पुगेर कोणसभामा परिणत भएको थियो ।

कोणसभालाई सम्बोधन गर्दै मुख्यमन्त्री सिंहले वर्तमान संविधानबाट प्राप्त उपलब्धिको रक्षा गर्दै थप सुधारको आवश्यकता रहेको बताए । संविधानले संघीयता, लोकतन्त्र र गणतन्त्रलाई ठूला उपलब्धिको रूपमा स्थापित गरेको उनको भनाइ छ ।

संघीयता आइसकेपछि गाउँगाउँमा विकासका कामहरू अघि बढेको उनले तर्क गरे । मुख्यमन्त्री सिंहले प्रदेश सरकारलाई बलियो बनाए मात्र लोकतन्त्र र गणतन्त्रलाई मजबुत बनाउन सकिने भन्दै, संविधानमा रहेका असहमतिहरूको सार्थक सम्बोधन गर्दै अघि बढ्नुपर्ने धारणा राखे ।

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले वर्तमान संविधानले दिएको उपलब्धिहरूलाई संस्थागत गर्दै परिमार्जन गरी जनताको चाहनालाई सम्बोधन गर्नुपर्ने बताए । कार्यक्रममा सभामुख रामचन्द्र मण्डललगायत केही मन्त्रीहरु सहभागी थिए ।

मधेश सरकारले यसअघि संविधान दिवस मनाएको थिएन । साढे ६ वर्षसम्म जनता समाजवादी पार्टी नेपाल नेतृत्वको सरकार रहँदा नमनाइएको संविधान दिवस जसपा नेपाल सरकारबाट बाहिरिएपछि मनाइएको अनलाइन खबरले जनाएको छ ।

# संविधान दिवस तथा जितियाको अवसरमा शुभकामना आदान प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, ३ असोज ।**

अखिल नेपाल महिला संघ राजविराज नगर कमिटीको संयोजनमा बिहीबार संविधान दिवस तथा जितिया पर्वको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना गरेको छ ।

"सम्मान सहभागिता तथा सशक्तीकरणका लागि महिलामा लगानी" नाराका साथ आयोजित कार्यक्रमका प्रमुख अतिथि नेकपा एमाले सप्तरीका इन्चार्ज सुमन राज प्याकुरेलले अहिलेको संविधान सबैको भावना बोकेकोले सबैले आत्मसात गर्न सकेको दाबी गरेका छन् ।

सत्तामा भएको बेला संविधान मान्ने सत्ताबाट बाहिरिए संविधानको बिरोध गर्ने, संविधान दिवसको दिन कालो दिवस मनाएर विरोध गर्ने प्रबृतिको अन्त्य गर्नुपर्ने उनको भनाई थियो ।

नेकपा एमालेका केन्द्रीय सदस्य जितेन्द्र नारायण देवले जनताद्वारा नेपालमा बनाईएको पहिलो संविधान रहेको बताउँदै संविधानले हरेक समुदायको अधिकार सुनिश्चित गरेको धारणा राखे ।

कार्यक्रममा संविधान सभाका पूर्व सांसद सरिता गिरीले जितिया ब्रत जस्तो कठोर ब्रत संसारमा कुनै पनि देशमा नरहेको बताईन् । उनले भनिन्, "सन्तानको रक्षाको लागि हिन्दु धर्मालम्बीको मधेसी समुदायको सन्तान प्राप्त गरेको आमा दिदीबहिनी तथा हजुरआमासम्मका महिलाहरूले समेत श्रद्धा र भक्तिले यो ब्रत गर्ने गरेकोमा गर्व महशुस भएको छ ।"

संविधान सभा सदस्य ताराकान्त चौधरीले महिलाले सन्तानको दीर्घायुको लागि ३६ घण्टासम्म एक थोपा पानी पनि बस्नु भनेको सन्तानको लागि ठूलो त्याग गर्ने क्षमता आमाहरू रहेको बताए ।

मधेसी आयोगको सदस्य आभासेतु सिंहले आत्मा र परिवारको सुढि्ढकरणका लागि पुजापाठ गरिने भएकोले सबै इमानदार र संस्कारी हुनुपर्नेमा जोड दिइन् ।

कार्यक्रममा एमालेका नेता अखिलेश झा लगायतले आआफ्ना धारणा राखेका थिए । कार्यक्रममा रेडियोकर्मी एवं गायक मुनचुन देवले जितिया पावन बड भारी जितमहान यौ गोड लागैछी सबक पार लगाबु यौ गीत गाएकी थिईन् ।

# जलवायु र स्वच्छ ऊर्जा प्रवर्द्धनमा सघाउने अमेरिकी प्रतिबद्धता

वासिङ्टन, डिसी, ३ असोज (रासस) ।

संविधान दिवसका अवसरमा नेपाल सरकार र नेपाली जनताप्रति हार्दिक शुभकामना व्यक्त गर्दै अमेरिकाले जलवायु परिवर्तनका असर कम गर्ने उत्थानशील उपाय अवलम्बन तथा स्वच्छ ऊर्जा प्रवर्द्धनका क्षेत्रमा सहकार्य गर्न प्रतिबद्ध रहेको बताएको छ ।

अमेरिकी सरकारकातर्फबाट विदेश मन्त्रालयले बिहीबार एक वक्तव्य जारी गरेर नेपालसँगको ७७ वर्ष पुरानो मैत्रीलाई आफ्नो देशले अधिक महत्व दिएको जनाएको छ । विदेशमन्त्री एन्टोनी ब्लिङ्केनका तर्फबाट उक्त मन्त्रालयले जारी गरेको प्रेस वक्तव्यमा मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)लाई नेपालको आर्थिक वृद्धिमा सघाउने अनुदान परियोजनाका रूपमा व्याख्या गर्दै , न्याय र प्रजातान्त्रिक मूल्यमान्यताको प्रवर्द्धनका साथै जनस्तरको सम्बन्ध विस्तार र आर्थिक वृद्धिका निम्ति भविष्यमा पनि निरन्तर सहकार्य गर्न अमेरिका प्रतिबद्ध रहेको जनाइएको छ ।

ऐतिहासिक सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक हालै पारित भएकोलगायत लोकतान्त्रिक प्रणालीलाई सबल बनाउन नेपालले धेरै उपलब्धि हासिल गरेको महत्त्वपूर्ण क्षणमा अमेरिका पीडितहरूलाई न्याय दिलाउने दिशामा उक्त विधेयकको सफल कार्यान्वयनको प्रतीक्षा गरिरहेको वक्तव्यमा उल्लेख छ ।

## संविधानको ...

बिरगंजमा अन्त्येष्टि यात्रा निकालेको छ ।

सो क्रममा प्रहरीले आजपा केन्द्रीय कमिटीका सचिव बाबुराम कौशिक मधेस प्रदेशका अध्यक्ष उमेश कुशवाहा आजपा नेताहरू श्रीभगवान पटेल, लालबाबु मन्सुरी, किरण यादव, सुनिल साह, राकेश बैठा, सन्देश साह, सन्धया पासवान लगायतका नेताहरुलाई पक्राउ गरेको छ ।

सरकारले संबिधान दिवस मनाउदै गर्दा आजपाले संबिधानको खारेजीको माग गर्दै देशका विभिन्न ठाउँमा अन्त्येष्टि यात्रा निकालेको छ ।

आजपा केन्द्रीय सदस्य एंव मधेस प्रदेशका प्रवक्ता डा. हेमप्रसाद साहले प्रहरीको धरपकड एंव हस्तक्षेपको भर्त्सना गर्दै पक्राउ परेका नेताहरुलाई यथाशीघ्र रिहा गर्न माग गरेका छन् ।


## लक्ष्मी सन्राइज बैंक लिमिटेडको
## ऋण कर्जा चुक्ता भुक्तानी गर्ने गराउने बारेको ३५ दिने सार्वजनिक सूचना ।

**(प्रकाशित मिति : २०८१/०६/०४)**

यस बैंक (साविक लक्ष्मी/सन्राइज बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले बैंकसँग गरेको सम्झौता बमोजिम उपभोग गरेको कर्जाको बक्यौता रकम तिरी बुझाई कर्जा नियमित गर्नको लागि तहाँ ऋणी लाई पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु/नगराउनु भएको तथा बक्यौता रकम चुक्ता फछ्र्यौट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः यो सुचना प्रकाशि तभएको मितिले ३५ (पैंतीस) दिन भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम (साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत) तिरी बुझाई कर्जा नियमित गर्न गराउनको लागि ऋणी तथा सम्बद्ध पक्ष समेतलाई यसै सूचनाद्वारा सूचित गराइन्छ ।

उल्लेखित समयावधि भित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तानी नगरे/नगराएमा ऋणी तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई बिनाअन्य सूचना कालोसूचीमा नाम समाविष्ट गर्न सिफारिस गरिने तथा प्रचलित कानुन बमोजिम कर्जाको धितो सुरक्षणको रुपमा रहेको तपसिलमा उल्लेखित सम्पत्ती लगायत ऋणी तथा निजको हक लाग्ने परिवारका सदस्यहरुको अन्य जायजेथाबाट समेत कर्जा असुल उपरको लागि आवश्यक कानुनी प्रक्रिया अवलम्बन गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

**तपशिल**

**शाखा कार्यालय : राजबिराज**

**१.ऋणीको नाम :** प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा दर्ता नं. ६९७३/५२ मिति २०५२/०५/०८मा रजिष्टर्ड/दर्ता भएको आन्तरिक राजश्व कार्यालय लाहान पान नं. ३००२६३६१३ भएको सप्तरी जिल्ला राजविराज न.पा. वडा नं.७, स्थित **अनन्त ट्रेड्रिङग** ।

**प्रोप्राइटरको विवरण :** श्री रामअशिष साहको नाती, श्री शिव प्रसाद साहको छोरा, सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०१ भई हाल सप्तरी जिल्ला, राजबिराज न.पा./गा.पा. वडा नं. ०७ बस्ने **अनन्तलाल साह** (ना.प्र.नं. ७६०८/७७४१ जि.प्र.का. सप्तरी, जारी मिति २०४४/०३/०४)

**व्यक्तिगत तथा धितो जमानतकर्ता :** श्री शिव प्रसाद साहको बुहारी, श्री अनन्तलाल साहको पत्नी, सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०१ भई हाल सप्तरी जिल्ला, राजबिराज न.पा./गा.पा. वडा नं. ०७ बस्ने **रंजना साह** ( ना.प्र.नं. ८०२५ जि.प्र.का. सप्तरी, जारी मिति २०५६/१०/१८)

**व्यक्तिगत जमानतकर्ताहरु :**

**क.** श्री शिव प्रसाद साहको नाती, श्री अनन्तलाल साहको छोरा, सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ०७ भई हाल सप्तरी जिल्ला, राजबिराज न.पा./गा.पा. वडा नं. ०७ बस्ने **राहुल आनन्द** (ना.प्र.नं. १६-०१-७३-०७८५१ जिल्ला प्रशासन कार्यालय सप्तरी, जारी मिति २०७३/०७/१०)

**धितो सुरक्षणको विवरण :**

१. **धितो जमानतकर्ता रंजना साह**को नाममा मालपोत कार्यालय विराटनगरको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला विराटनगर उ.मा.न.पा/न.पावडा नं. ९ स्थित कित्ता नं. ४३४, ३५९ र ४३३ को क्षेत्रफल ०-०-३-३, ०-०-३-० र ०-०-३-१ (बि.क.धु.क)को जग्गा, सो जग्गामा बनेको घर तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

४. बैंकको नाममा हाईपोथिकेशन अर्न्तगत धितो सुरक्षण स्वरुप लेखिदिएको ऋणीको सम्पुर्ण स्टकमा रहेका मौज्दातहरु ।

**नोटः** ऋणी बाहेकका व्यक्तिहरुको नाम निजहरुलाई चिनाउने प्रयोजनका लागि मात्र राखिएको हो ।


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*